# म्याङलुङ नगरपालिका
# पुर्वाधार व्यवस्थापन ऐन, २०७६

स्वीकृत मितिः२०७६।०९।०६

म्याङलुङ नगरपालिका
तेह्रथुम जिल्ला
१ नं प्रदेश

# म्याङलुङ नगरपालिका पुर्वाधार व्यवस्थापन ऐन २०७६

**प्रस्तावना :**

म्याङलुङ नगरपालिका क्षेत्र भित्र पूर्वाधार संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानिय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानुनी व्यवस्थापन गर्न बान्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम म्याङलुङ नगर सभाले ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भ :**

(१) यसको नाम "नगरपालिकाको पुर्वाधार व्यवस्थापन ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्नेछ ।

(ग) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनु पर्नेछ ।

(घ) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्नेछ ।

(ङ) "नगर सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(च) "पुर्वाधार" भन्नाले यस ऐनमा **अनुसुची १** मा उल्लेख भए बमोजिमको विषयसँग सम्बन्धित भौतिक पुर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) "जलश्रोत" भन्नाले नगरपालिका क्षेत्र भित्रको भू-सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवश्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "अमानत" भन्नाले ठेक्कमा नलगाई स्थानीय सरकार खाफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा लेखा सम्बन्धी कार्य सम्झनु पर्छ ।

## परिच्छेद २
## स्थानीय सडक तथा यातायात व्यवस्थापन

**३. स्थानीय सडकहरुको वर्गिकरण :**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि

आवश्यक्ता अनुसार सडकहरुको वर्गिकरण र वृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्नेछ ।
(२) नगरपालिका स्तरमा मुख्यतः निम्नानुसारको सडकहरु रहनेछन् :
(क) पालिका सडक : नगरपालिकाको मध्ये र महत्वपुर्ण स्थानमा रहेको सडक पालिका सडकको रुपमा वर्गिकरण गरिनेछ । यस्ता सडकको चौडाई न्युनतम छ मिटर हुनु पर्नेछ ।
(ख) वस्ती सडक :नगरपालिकाका वस्तिहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा वर्गिकरण गरिनेछ । यस्ता सडकहरु चार देखि पाँच मिटर चौडा हुनेछन् ।
(ग) कृषि सडक : नगरपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई जोड्ने सडकहरु यस अर्न्तगत पर्दछन् । यसको न्युनतम चौडाई ४ मिटर हुन पर्दछ ।
(घ) घोडेटो मुल बाटो : मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा बढी गाउँ वस्ती जोड्ने बाटोलाई घोडेटो मुल बाटोको रुपमा वर्गिकरण गरिने छ । यसको न्युनतम चौडाई २ मिटरको हुने छ ।
(ङ) गोरेटो बाटो : मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडकसम्म जोडिने अधिकतम १ कि.मी. लम्बाईका सडकहरुलाई गोरटो बाटो भनिन्छ । यसको चौडाई २ फिटको हुनेछ ।
(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठुला सवारी आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत बढी हुने गरी निर्माण गर्नु पर्दछ ।

**४. मापदण्ड निर्धारण गर्ने :**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्ने छ ।
(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकि त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने :**

(१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काइने अधिकार नगरपालिकालाई हुनेछ ।
(२) कसैले कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा नगरपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउदा लाग्ने अनुमानित रकम सम्बन्धित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र नगरपालिकाले स्वीकृती प्रदान गर्न सक्नेछ ।
(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षतिनपूर्ति सम्बन्धित जग्गा धनीलाई दिएर मात्र सडक वा पुर्वाधार बनाउनु पर्नेछ ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने :**

(१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको

आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा नगरपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलाजगेको खमाल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यन्त्र लैजान समेत सक्नेछ ।

## परिच्छेद ३

## जलस्रोतहरुको संरक्षण र उपयोग

**७. जलस्रोतको उपयोग :**

(१) नगरपालिका भित्र रहेका भूमिगत वा सतही जलस्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(२) जलस्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छ :-

(क) पिउने पानी

(ख) सिंचाई

(ग) पानी घट्ट, औधोगिक वा निर्माण प्रयोजन

(घ) जलविद्युत

(ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(३) नगरपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार नगरपालिकालाई हुनेछ । मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।

**८. अनुमति लिनु पर्ने :**

(१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलस्रोतको उपयोग गर्ने छैन :

(क) सार्वजनिक वा समुहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामुहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसयिक रुपमा माईक्रो हाइड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलश्रोतको सामुहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न नगरपालिकाको अनुमति लिनु पर्दछ ।

(३) सो सम्बनधी प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता सस्था मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला कम्पनीले नगरपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन पर्नेछ ।

(४) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि नेपाल सरकारको जलस्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

**९. खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ वयवस्थापन :**

(१) नगरपालिका क्षेत्रभित्र खानेपानी, सिंचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलश्रोत उपभोग गर्न परेमा सम्बन्धित क्षेत्रको उपभोक्ताहरु मिलि जल उपभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण सञ्चालन गर्नु पर्नेछ ।

(२) यस ऐन तर्जुमा हुनअघि नै संस्थागत रुपमा कुनै समुह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र नगरपालिकामा दर्ता गराउनु पर्नेछ ।

**१०. जल उपभोक्ता संस्थाको गठन :**

(१) दफा ११ बमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ७ देखि १५ जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्नेछ ।

(२) यसरी गठन गर्न चाहने समुहले देहायको विवरणहरु सहित नगरपालिकाको जल स्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनु पर्नेछ । निवेदनको ढाँचा **अनुसुचि** २ मा संलग्न गरिएको छ ।

(क) उपभोक्ता संस्थाको विधान । विधानको नमुना **अनुसुचि ३** मा संलग्न गरिएको छ ।

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणिय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी नगरपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ । संस्था दर्ता प्रमाण पत्रको ढाँचा **अनुसुचि** ४ मा संलग्न गरिएकोछ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुने छ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्ष हुनेछ । अर्को पटकको लागि ३ वर्ष म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नु पर्ने छ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए बमोजिम हुने छ । यस संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नु पर्ने कर फर्स्यौट गर्नु पर्ने छ । नगरपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके बमोजिमको जलस्रोत उपयोग कर तिर्नु पर्नेछ ।

(६) यसरी तोकिए बमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा नगरपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ ।

**११. जलश्रोतको व्यवसायिक उपयोगको लागि अनुमति लिनु पर्ने :**

(१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेघावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको व्यवसायिक उपयोगका लागि सो को उपयोग गर्ने प्रोपाइटर, कम्पनी वा संस्थाले नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नु परेमा देहायका विवरणहरु खुलाई नगरपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण
(ख) परियोजना रहने सस्थानको नक्शा (मुख्य मुख्य संरचना समेत देखिने)
(ग) पानीको स्रोत र उपयोग हुने पानीका परिमाण,
(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,
(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत
(च) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरु (वातावरणिय प्रभाव अध्ययन प्रतिवेदन)
(३) उपदफा (२) बमोजिम परेको आवेदनमा नगरपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण,उपयोग अनुमतिको अवधि र वातावरणिय जोखिम न्युनीकरणका शर्तहरु तोकि आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ ।
(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा सस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनु पर्नेछ ।
(५) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुज बमोजिम दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।
(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा नगरपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद ४
## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

**१२. स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने :**
(१) नगरपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।
(२) नेपाल सरकार, सार्वजनिक सस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा बढि खानेपानी आयोजनहरु मार्फत ५०० भन्दा बढि धाराहरुबाट खोनपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।
(३) यस प्रयोजनको लागि एक भन्द बढी उपभोक्ता सस्थाहरुले यस्तो बोर्ड गठनको लागि नगरपालिका समक्ष आवेदन पेश गर्नु पर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछ :-
(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,
(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण,
(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,
(घ) सेवा सञ्चालन गर्नका लागि लाग्ने अनुमानित लागत,
(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालिन योजना,
(च) बोर्ड आफैले वा अन्य व्यक्ति र सस्था मार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणाली सँग आबद्ध सम्पत्ति तथा दायित्व ।
(ज) सञ्चालन तथा व्यवस्थापन प्रस्तावित मोडेल ।
(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाचबुझ गर्न त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा नगरपालिकाले बोर्ड गठन गर्न सक्नेछ ।
(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित सस्था हुनेछ । बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मत सम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफै गर्न सक्नेछ ।

**<u>१३. खानेपानी तथा सिंचाई शुल्क निर्धारण :</u>**
(१) खानेपानीको महशुल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसुल निर्धारण समिति गठन गर्नेछ :-
(क) नगरपालिकाको प्रमुख -अध्यक्ष
(ख) स्थानीय जल उपभोक्ता सस्थाहरुको प्रतिनिधि -सदस्य
(ग) नगपालिकाको लेखा प्रमुख -सदस्य सचिव

## परिच्छेद ५
## भवन निर्माण तथा शहरीविकास सम्बन्धी कार्यहरु

**<u>१४. स्वीकृती नलिई निर्माण तथा विकास गर्न नहुने :</u>**
(१) नगरपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि नगरपालिकाबाट स्वीकृती नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुन:निर्माण गर्ने, तला थप गर्ने, माहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली,कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित गर्नु गराउनु हुदैन ।
(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले भवन निर्मााण सम्बन्धी निर्देशिका र नर्म्स तयार गर्नेछ ।
**<u>१५. भवनको दर्ता :</u>**
(१) नगरपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनछ ।

**<u>१६. भवनको डिजाइन तथा नक्शा स्वीकृति सम्बन्धी व्यवस्था :</u>**
(१) नगरपालिका क्षेत्रभित्र पक्कि भवन आरसिसि स्ट्रक्चा निर्माण गर्न चाहने व्यक्ति, सस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतीको लागि नगरपालिका समक्ष दरखास्त दिंदा नक्शा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।
(२) आवासिय भवनको हकमा २५० वर्गा मिटर सम्मको भवन बनाउँदा ३० प्रतिशत खाली जग्गा छोड्नु

पर्दछ। सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोठ्नु पर्दछ।
(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्युनतम ५ फिट सेट ब्याक छोड्नु पर्दछ।

**१७. वस्ति विकासको लागि अनुमति दिने:**
(१) नगरपालिका भित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी विक्रि गर्ने प्रयोजनबाट वस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा नगरपालिकाको कार्यालयमा वस्ति विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

## परिच्छेद ६
## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**१८. पूर्वाधार आयोजना तर्जुमा :**
(१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना,परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि नगर सभाबाट पारित गर्नु पर्नेछ।
(२) पुर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम उल्लेख गरी आयोजनाका विवरण तयार गर्नु पर्नेछ :
(क) आयोजनाको लक्ष्य
(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम
(ग) आयोजना सम्पन्न गर्दा लाग्ने खर्च र श्रोत,
(घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान
(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च
(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

**१९. लागत अनुमान तयार गर्नु पर्ने :**
(१) नगरपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट वियोजन गर्नु पुर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ।
(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ।

**२०. पूवार्धार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन** :
(१) नगरपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसुची १ मा उल्लेखित पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्वन गरिनेछ।
(क) रु. एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट
(ख) रु. तीस लाख सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

(ग) रु. साठी लाख सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायि मार्फत
(घ) रु. साठी लाख भन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके बमोजिमका निर्माण व्यवसायि मार्फत
(ङ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत ।

**२१. उपभोक्ता समिति मार्फत गर्न सकिने :**
(१) रु. तीस लाख सम्मको निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्बन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।
(२) उपभोक्ता समितिको गठन स्थानीय लाचान्वित समुदायहरु मध्येबाट ५ दखि ९ जना सम्मको समिति गठन गरिनेछ । यस्तो समितिमा न्युनतम ३३ प्रतिशत महिला हुनुपर्नेछ ।
(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाने समयको दोब्बर हुने छ । निर्माण सकिएपछि पनि निर्माण अवधि बराबरकै बाँकि समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिने छ ।
(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्युनतम १५ प्रतिशत नगद लागत सहभागिता र १५ प्रतिशत श्रमदान गर्नु पर्नेछ ।
(५) नगद सहभागिताको रकम सम्बन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र नगरपालिकाले पहिलो किस्ता निकाशा गर्ने छ ।

**२२. स्थानीय निर्माण व्यवसायी दर्ता गर्ने :**
(१) नगरपालिकाले ले ६० लाख रुपैयाँ सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि नगरपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ ।
(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन इच्छुक समूह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम नगरपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ ।
(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएको समूह वा व्यक्तिलाई सम्बन्धित नगरपालिकामा निर्माण कार्य गर्ने इजाजत सहितको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ ।
(४) उपदफा (२) बमोजिम दिइएको निर्माण व्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ । उपदफा (२) बमोजिम का स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाण पत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिनाभित्र नवीकरण गराउनु पर्दछ ।
(५) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनु पर्ने छ :-
(क) न्युनतम रु. २ लाख सम्मको चालु पूँजी देखाई नगरपालिकामा व्यवसाय दर्ता भएको,
(ख) व्यक्ति वा व्यवसायको नाममा गत आर्थिक वर्षमा न्युनतम रु. ५ लाख सम्म बैकिङ्ग कारोवार गरेको,
(ग) आफ्नो वा एकाघरको स्वामित्वमा रु. ३ लाख सम्मको निर्माण उपकरण चालू हालतमा रहेको ।

**२३. स्थानीय निर्माण व्यवसायी बाट पूर्वाधार निर्माण गराइने :**

(१) नगरपालिकाले दफा (२०) बमोजिमका स्थानीय निर्माण व्यवसायीहरु मार्फत ६० लाख सम्मको काम गराउन सक्नेछ ।

(२) उपदफा (१) प्रयोजनको लागि आपसी प्रतिश्पर्धाका आधारमा छनौट गर्न सक्नेछ ।

(३) नगरपालिकामा दर्ता भएका व्यवसायीहरु मध्येबाट निर्माण कार्यका लागि देहायको व्यवस्था हुनेछ : -

(क) रित पुर्वक नगरपालिकाको संक्षिप्त सूचीमा सूचिकृत व्यवसायीहरु मध्ये बाट १५ दिनको सुचना दिई प्रस्ताव माग गर्न सकिने ।

(ख) प्रस्ताव माग गर्दा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक, कुराहरु खुलाउनु पर्ने ।

(ग) न्युनतम कबोल गर्ने व्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिन भित्र सम्झौताका लागि आव्हान गर्ने ।

(घ) छानिएका व्यवसायीले कबोल रकमको १५ प्रतिशत बैंक ग्यारेन्टि सहित सम्झौताका लागि आउनु पर्ने ।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उपकरार गर्न सकिने छैन । कुनै कारणवश आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएक सो कुराको सुचना नगरपालिकालाई दिनु पर्नेछ । त्यसरी सूचना प्रापत भएमा नगरपालिकाले सो सम्बन्धमा जाँच गरी सो सम्झौता तोडी बाँकि काम नियमानुसार गराउनु पर्नेछ ।

(५) स्थानीय निर्माण व्यष्वसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाण पत्र प्राप्त गरेको मितिल पैतिस दिनभित्र नगरपालिका कार्यलयमा पेश गर्नु पर्दछ ।

**२४. पूर्वाधार मर्मत संभार कोष :**

(१) नगरपालिका भित्र रहेका नगर स्तरिय वा केन्द्र/प्रदेश स्तरिय पूर्वाधारहरुको नियमित तथा आवश्यक्ता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधारहरुको नियमित तथा आवशयक्तानुसारको मर्मत गरी सेवा सुधाररु गर्न पूर्वाधार मर्मत कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषको पूर्वाधार संरचना सडक खानेपानी इत्यादीबाट प्राप्त रोयल्टि रकम ................ प्रतिशतले दाखिला गरिनेछ ।

## परिच्छेद ७
## पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

**२५. पूर्वाधार अनुगमन समितिको गठन :**

(१) नगरपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अर्न्तगत निर्माण हुने ठुला आयोजन तथा नगरपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यहरु को गुणस्तर र समयबद्ध प्रगति अनुगमन गर्नका लागि सम्बन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका उपाध्यक्ष अध्यक्ष

(ख) पूर्वाधारको मुख्य काम हुने वडाको वडाध्यक्ष सदस्य

(ग) स्थानीय विज्ञहरु मध्ये कार्यपालिकाले तोकोको एक महिला सहित २ जना सदस्य

(घ) नगरपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख सदस्य सचिव

**२६. समितिको बैठक र निर्णय :**

(१) समितिका बैठक आवश्यक्तानुसार बस्नेछ ।

(२) समितिका बैठ समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**२७. अनुमगन पश्चात निर्देशन दिन सक्ने :**

(१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट सो कार्यको प्रस्तावित गुणस्तर र समयबद्ध प्रगति तालिका प्राप्त गरि सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ ।

**२८. सहमति दिनु पर्ने :**

नगरपालिका आफैले सञ्चाल गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुका निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्नेछ ।

**२९. कारवाहीको सिफारिस गर्न सक्ने :**

नगरपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेस सरकार वा नेपाल सरकार अर्न्तगतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायी कै लापरवाहीका कारण निर्धारित समय भित्र प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धित निर्माण व्यवसायीहरुलाई कारवाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो नगरपालिका भित्र उक्त व्यवसायिलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

**३०. कालो सुचीमा राख्ने :**

(१) देहायको अवस्थामा नगरपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ ।

(क) कुनै फौजदारी कसुरमा अदालतबाट दोाषि ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनैंट भई सम्झौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएका कुरा पछि

प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरीद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्कि दिई खरीद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तै कुनै कसुर गरेमा

(२) उपरोक्त बमोजिम काला सुचीमा राख्दा कसूरको मगाम्भिर्यताको आधारमा काले सुचीको अवधि तोक्न सकिनेछ ।

**<u>३१. प्राविधिक मु:यांकन गर्नु पर्ने :</u>**

(१) नगरपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचकोलागि आवश्यक प्रयोगशालानको व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ८
## सार्वनजिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

**<u>३२. निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने :</u>**

(१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, सस्था वा कम्पनी सँग नगरपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई सँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चाल तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारी गर्न सक्नेछ ।

(२) उपदफ (१) को प्रयोजनको लागि नगरपालिकाले पूर्वाधारका अवस्था, आवश्यक्ता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्वन गरी निजी साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाड गर्ने गरी निश्चित अवधीको लागि सम्झौता गर्न सक्नेछ ।

(क) सञ्चालन तथा वयवस्थापन : अधिकतम ५ वर्षको लागि

(ख) निर्माण सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षको लागि

(ग) निर्माण स्वामित्वकरण सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्शेसन : सम्झौतामा तोकिए बमोजिममा अधिकतम २२ वर्ष

**<u>३३. प्रस्ताव आव्हान गर्न सक्ने :</u>**

(१) नगरपालिकाले दफा (……) बमोजिम पुर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनको लागि मनशाय पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, सस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्दछ ।

(क) निर्माण गर्नुपर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तिय स्रोत

(घ) वातावरणिय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(ङ) कार्यान्वयनको विवरण

(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्युन गर्ने प्रस्तावित उपायहरु

(छ) परियोजनाको नक्शा तथा ड्रइङ्ग डिजाइन

(ज) प्रस्तावित शुल्क र करार अवधी

**३४. प्रस्ताव छनौट र सम्झौता :**

(१) प्राप्त भएका प्रस्ताप उपर नगरपालिकाले विज्ञ टोलीद्धारा तपशिलका आधारहरुमा मुल्यांकनका गराई प्रस्ताव छनौट गर्न सक्नेछ ।

(क) पुर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधि

(ङ) प्रविधिको नौलोपन स्थानीय रोजगारीको अवसर वृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग नगरपालिकाले अवधी किटान गरी साझेदारस् सम्झौता गर्न सक्नेछ ।

**३५. सञ्चालन तथा व्यावस्थापन:**

(१) सम्झैता अवधिभरी पुर्वाधार संरचनाको संचालन तथा व्यावस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ । सम्झैतामा हेरफेर गर्नुपरेमा निजि साझेदार वा नगरपालिका तर्फबाट एकअर्काकोलाई प्रस्ताव गर्नुपर्ने आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ ।

## परिच्छेद ९
## वातावरण, भुसंरक्षण तथा वैकल्कपिक उर्जा

**३६. वातवरणीय प्रभाव मुल्याकन सम्बन्धी व्यावस्था :**

(१) नगरपालिकाले ६० लाख देखि १० करोड भन्दा माथिको लागत भएका पुर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण र १० करोड भन्दा माथिको लागत भएका पुर्वाधारहरुमा वातावरण प्रभाव मुल्यांकन गराउनु पर्ने छ ।

(२) आयोनाको वातवरणीय परिक्षण र स्विकृति नगरपालिकाले स्वयम्ले गर्न सक्नेछ ।

(३) वातवरणीय परिक्षण प्रतिवेदन स्विकृतिको लागि सो को प्रतिलिपी नगरपालिकाको सार्वजानिक सुचना

पाटिमा टाँस गरी ७ दिनको म्याद सहित सुझाब माग गर्नु पर्नेछ ।

**३७. बैकल्कपिक ऊर्जालाई प्रोहोत्सान :**

पुर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रहोत्सान गर्नु पर्नेछ ।

(१) कुनै घरमा सोलार, वायोग्यास, सुधारीएको चुल्हो लगाएतका बैकल्पिक उर्जा जडान गर्नुअघि वडा कार्यलय मार्फत नगरपालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा सरकारवाट पाउने अनुदान वा सहयोग दिईने छैन ।

(२)घरेलु सौचालयलाई वायोग्याँस उत्पादमा प्रयोग गर्ने वा सेप्टिक टैंक वनाउने घरधुरीलाई नगरपालिकाले सम्पत्ति कर वा मालपोत १० प्रतिसत सम्म छुट दिन सक्ने छ ।

**३८.भु-क्षय नियन्त्रण सम्बन्धि कार्य गर्न सक्ने :**

(१) नगरपालिका भित्रको भूक्षय ग्रस्त सार्वजानिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफुलजन्य वनस्पतिको रोपण गर्न स्थानिय समूदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्वन्धित ब्यक्ति वा समूहले स्थान तोकि वृक्षारोपणका लागि नगरपालिका समक्ष निवेदन दिन सक्ने छ ।

(३) वृक्षरोपणका लागि प्रस्तावित क्षेत्रका ब्याक्तिले चर्चेको जमिन वा अन्य सार्वजानिक आवागमनमा वाधा पुऱ्याउने खालको हुनु हुदैन ।

(४) प्रस्तावित स्थाल उपयुक्त देखेमा नगरपालिकाले अधिकतम ७ वर्षको लागि वृक्षरोपण गर्नर सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ ।

(५) उपरोक्त बमोजिम अनुमति दिदा सडक छेउको हकमा सम्बन्धीत संधियारलाई प्राथामिकता दिनुपर्छ ।

**३९.फोहोरमैला तथा फोहोरपानि व्यावस्थापन :**

(१) नगरपालिका भित्र उत्सर्जन हुने ठोस तरल फोहोरलाई यथोचित व्यावस्थापनको लागि व्यावस्थीत कार्य योजना तर्जूमा बनाउनु पर्छ ।

(२) नगरपालिका भित्र फोहोरमैला व्यावस्थापनको लागि ल्यण्डफिल्ड साईट निर्माण गर्न अन्य नगरपालिकासँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद १०
## विविध

**४०. अन्तर स्थानिय समन्व :**

(१) एक भन्दा वढी गाउँपालिका/नगरपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यकोलागी नगरपालिकाबाट अनुमोदन गराई गर्नु पर्ने छ ।

४१. प्रचलित कानुन बमोजिम हुनेः यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४२. नियम वनाउन सक्ने : यस ऐनको उदेश्य कार्यन्वयन गर्न कार्यपालिकाले आवश्यक नियम,निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

४३.बचाऊ :यस ऐनको उदेश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्य यसै ऐन बमोजिम भएको मानिन्छ ।

**अनुसुचि (१)**

दफा.२ (घ) सँग सम्वन्धीत

(क) स्थानिय सडक, ग्रामिण सडक, कृषि सडक, सिंचाई सम्बन्धीत नीति, कानुन, मापदण्ड योजना,कार्यान्वयन र नियमन

(ख) स्थानिय सडक, ग्रामिण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाई र तटबन्द सम्वन्धी स्थानिय तहको गुरुयोजना तर्जुमा, निर्माण स्तरोन्नति आयोजाना पहिचान,अध्यान, कार्यन्वयन, मर्मत सम्भार र नियमन

(ग)स्थानिय स्तरमा ट्रलि वस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्नीट प्रणलिको निती, कानुन,मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(घ) राष्ट्रय रेल पुर्वाधारको उपयोग गरी माहानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेल सेवा सञ्चालन, व्यवस्थापन, मर्मत, सम्भार, समन्वय, सहकार्य

(ङ)स्थानिय स्तरमा यातायात सुरक्षा व्यावस्थापन र नियमन

(च) स्थानिय खानेपानि सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यन्वयान र नियमन

(छ) खानेपानि महसुल निर्धाण र खानेपानी सेवा व्यावस्थापन सम्वन्धी

(ज)साना जलविधुत आयोजना सम्बन्धी स्थानिय स्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन र नियमन

(झ) स्थानिय खानेपानि, साना जलविधुत आयोजना,वैकल्पीक उर्जा सम्वन्धी नीति कानुन,मापदण्ड र योजना, कार्यान्वयन र नियमन

(ञ) स्थानिय विधुत वितरण प्रणालि र सेवाको व्यावस्थापन सञ्चालन र नियमन

(ट) स्थानिय साना सतह तथा भुमिगत सिंचाई प्रणलिको सञ्चालन र मर्मत सम्भार सेवा सुल्क निर्धारण र

संकलन व्याबस्थापन

(ठ) स्थानिय तटवन्ध नदि पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ड) स्थानिय स्तरमा वैकल्पीक उर्जा सम्वन्धी निति कानुन मापदण्ड योजना तर्जूमा कार्यन्वयन र नियमन

(ढ) स्थानिय स्तरमा वैकल्पीक उर्जा सम्वन्धी प्रविधिा विकास र हस्तान्तरण क्षमता अभिवृद्धि तथा प्रर्वदन

## अनुसूची-२
## जलस्रोत उपभोक्ता संस्था दर्ता गर्ने निवेदनको नमूना

मिति-.................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
म्याङलुङ नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ,तेह्रथुम

विषय-जलस्रोत उपभोक्ता संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नगरपालिका अन्तरगत वडा नं. ......मा गठन गरिएको ..............................जलस्रोत उपभोक्ता संस्थालाई म्याङलुङ नगरपालिकाको कार्यालयमा दर्ता/सुचिकृत गरिदिनुहुन अनुरोध गर्दछु ।

निवेदक
..........................
अध्यक्षको नाम -
........ जलस्रोत उपभोक्ता संस्थाको नाम -
ठेगाना -

# अनुसुचि ३

.................खानेपानी उपभोक्ता समिति
म्याङलुङ्ग नपा वडा नं......... तेह्रथुमको

**विधान २०७७**

**प्रस्तावना :**

पानी चराचर जगतमा प्राण धारको रुपमा रहिआएको छ। यो प्राण तत्व निहित जिवन रस पनि हो। सचेत सामाजिक प्राणी मानिस को लागी पानी वहुउद्धेश्यि वहु उपयोगी वनेको छ। त्यसमा पनी खानेपानीको महत्व मानव जीवन र समाज संग सस्कृति र सभ्यता संग प्रगति र विकास संग घनिष्ट भै गासिएको छ। त्यसैले सामाजिक मानव सभ्यता विकास क्रममा निर्मित सघन मानव वस्तिहरुमा खानेपानीको श्रृजना भएवाट पानीको व्यवस्थापन वितरण र उपभोग्य प्रणाली को विकास हुन पुग्यो। क्रमैसंग खानेपानी सरसफाई र जन स्वास्थ्य राज्यको नागरीक कर्तव्य मानव सभ्यताको मापदण्ड र कसि वन्न पुग्यो त्यसैले नेपाल सरकारले स्वच्छ खानेपानी वितरण प्रणाली संगै सर-सफाई र जन स्वास्थ्य समेत समावेस गऱ्यो। आम जनताको पहुंचमा त्यस्तो सुविधा क्रमश : पुऱ्याउन सामुदायिक व्यवस्थापनमा खानेपानी योजनाहरु संचालन गर्ने निति अवलम्वन गऱ्यो। साथै अति सुख्खा ग्रस्त क्षेत्रलाई पहिलो प्राथमिकता दिने राज्यको नीति रहेकाले त्यसै अनुरुप समूदायमा हस्तान्तरण भै सञ्चालन हुँदै आएको ..............**खानेपानी उपभोक्ता समिति**ले सिमित श्रोत र साधनवाट तिव्र रुपमा वढ्दै गई रहेको प्रतिकुल प्रभावलाई दृष्टिगत गरी सामुहिक रुपमा जनतालाई स्वच्छ खानेपानी व्यवस्थित रुपमा उपलब्ध गराउने उद्धेश्य राखि साथै वितरण प्रणालीलाई समेत व्यवस्थित गर्नको लागि कोशी अञ्चल तेह्रथुम जिल्ला **म्याङलुङ्ग नपा वडा नं........** का स्थानिय खानेपानी उपभोक्ताहरुको आपसी सरसल्लाह र सहमतिमा २०७ ...........**खानेपानी उपभोक्ता** समितिको विधान ..............निर्माण गरी जारी गरीएको छ।

**परिच्छेद :-१**

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यो विधानको नाम ............**खानेपानी उपभोक्ता समिति म्याङलुङ्ग नपा वडा नं.......तेह्रथुमको** विधान २०७... रहने छ।

(ख) यस विधान वमोजिम गठित समितिको नाम ............**खानेपानी उपभोक्ता समिति म्याङलुङ्ग नपा वडा नं..... तेह्रथुम** रहने छ।

(ग) विधानको प्रारम्भ :- स्थानिय प्रशासन कार्यालयमा दर्ता भएको मितिवाट लागु हुनेछ।

***२. परिभाषा:-*** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधान अन्तर्गत

(क) " .........**खानेपानी उपभोक्ता समिति म्याङलुङ्ग नपा वडा नं..... तेह्रथुम**को विधान २०७... अनुसार गठित उपभोक्ता समितिलाई जनाउने छ।

(ख) विधान भन्नाले ......**खानेपानी उपभोक्ता समिति म्याङलुङ्ग नपा ....... तेह्रथुमको विधान** २०७... लाई जनाउने छ।

(ग) 'समिति' भन्नाले विधान वमोजिम गठित ..........**खानेपानी उपभोक्ता समिति म्याङलुङ्ग नपा वडा नं..... तेह्रथुम**लाई जनाउने छ।

(घ) 'पदाधिकारी' भन्नाले निर्वाचन कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह- सचिव कोषाध्यक्षलाई जनाउछ।

(ङ) 'सदस्य भन्नाले' कार्य समितिवाट प्रत्यक्ष वा परोक्ष, स्थायी, वा अस्थायी रुपमा सेवा तथा सुविधा उपभोग गर्ने सवै व्यक्ति उपभोत्ता भएता पनि यस समितिको प्रयोजनको लागि।

(च) "उपभोत्ता वा साधारण सदस्य" भन्नाले खानेपानी धारा श्रेष्ता मा स्वामित्व जाहेर गर्ने व्यक्ति, संघ, संस्था कार्यालय वा प्रतिष्ठान लाई जनाउने छ।

(छ) 'परिषद सदस्य' भन्नाले विधान को धारा ४-७ को 'क' अनुसार प्रतिनिधित्व गर्ने सदस्यलाई जनाउने छ।

(ज) 'कर्मचारी भन्नाले' कार्य समिति संस्थाको दैनिक कार्य संचालन गर्न स्थायी वा अस्थायी प्राविधिक वा प्रसासनिक रुपमा जिम्मेवारी दिई नियुक्त गरेको तलवि व्यक्तिलाई जनाउने छ।

(झ) 'परिषद बैठक साधारण सभा भन्नाले' तोकिएको विषयमा छलफल गर्न निष्चित निति स्थान र समयमा उपस्थित परिषद सदस्यहरुको भेलालाई जनाउछ ।

## परिच्छेद-२

स्थापना :

### ३. समितिको स्थापना :

(क) विधानले तोकिएको क्षेत्रमा सामुहिक लाभको दृष्टिकोणले स्वच्छ गुणस्तरीय खानेपानीको आपुर्ति गर्न तथा सरसफाई व्यवस्थाको समुचित प्रर्वधनको लागि .........**खानेपानी उपभोक्ता समिति म्याङलुङ्ग नपा वडा नं...... तेह्रथुम**को स्थापना गरिएको छ ।

(ख) समितिको कार्यालय समितिको विधान २०७... को कार्यक्षेत्र  सवै उपभोक्ताहरुलाई सहज हुने स्थान खोल्न सक्नेछ ।

(ग) समितिको सवै काम कार्यवाहिको निमित्त आफ्नो छुट्टै चिन्ह र छाप हुनेछ जुन **अनसूची -१** मा उल्लेख भए बमोजिम हुनेछ ।

### ४. *समिति संगठित संस्था हुने :*

(क) उपभोक्ता समिति अविचिन्न उत्तराधिकारी वाला स्वसासित संगठित संस्था हुनेछ यसले व्यक्ति सरहचल अचल सम्पति प्राप्त गर्न सक्नेछ ।

(ख) समितिले कानुनी व्यक्तित्व प्राप्त गर्नेछ कानुन त आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुरगर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्ने छ ।

(ग) समितिले कुनै चल अचल धितो वन्धक वा अन्य आवश्यक संरक्षण तथा जमानत दिई वा नदिई कुनै सरकारी वा गैर सरकारी निकाय सँग ऋण लिई निर्माण विस्तार र सुदृढिकरण कार्य संचालन गर्न गराउन सक्नेछ साथै आफु सँग रहेको मौज्दात रकम संरक्षण लिई प्रचलित नियम कानुनको अधिनमा रही लगानी गर्न सक्नेछ ।

(घ) यस समितिको मुल नारा **"सफा र स्वस्थ्य पानी सँधैका लागि सवैका लागि"** भन्ने हुनेछ ।

## परिच्छेद-३

*उदेश्य र कार्य क्षेत्र*

### ५. समितिको उद्देश्य :

समितिको विधान प्रचलित नियम ऐन कानुनको अधिनमा रही यस .............**खानेपानी उपभोक्ता समिति म्याङलुङ्ग नपा वडा नं.... तेह्रथुम** राखी यस विधानको अधिनमा रही यस समितिको उदेश्य निम्न वमोजिम रहने छ ।

(क) समितिको क्षेत्र भित्रमा सेवा लिने उपभोक्ताहरुलाई नियमित रुपमा स्वच्छ र गुणस्तरीय युक्त खानेपानी उपलव्धताको प्रत्याभुती दिने ।

(ख) क्षेत्र भित्रको खानेपानी प्रणालीको क्षमता वृद्धि, विस्तार र सुदृढिकरण गर्ने ।

(ग) सफा खानेपानीको आवस्यकता र सरसपफाईको महत्व तथा यसले जन स्वास्थ्यमा पुऱ्याउने सकारात्मक प्रभावबारे जन चेतना अभिवृद्धि गरि कार्यक्रमको महत्व दसाई खानेपानीको संचालनको लागि आवश्यक जन सहभागिता जुटाउने ।

(घ) खानेपानी, सरससफाई र जन स्वास्थ्य सम्वन्धभमा विभिन्न समयमा गोष्ठि, सेमिनार र तालिमको आयोजना गर्ने ।

(ङ) अन्य खानेपानी उपभोक्ता समितिहरु सँग भाईचारा सम्वन्ध स्थापित गरि उपभोक्ताहरु हितको संरक्षण र सम्वर्धनमा ऐक्यवद्धता जनाउने ।

(च) खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराए वापत सेवा प्राप्त गर्ने व्यक्ति, निकाय वा उपभोक्ता बाट जडान शुल्क, महसुल, शुल्क, धरौटी वा विलम्व शुल्क आदि लिने ।

(छ) समितिले वितरण गरेको खानेपानीको प्रयोग तथा सर सफाईको व्यवस्था सम्वन्धमा आवश्यक शर्तहरु तोक्ने, चुहावट, दुरुपयोग एवं प्रदुषण नियन्त्रण गर्ने र आवश्यक मर्मत संभार गर्ने र गराउने ।

(ज) उपरोक्त उद्धेश्य प्राप्ति र प्रयोजनको लागि खानेपानी तथा सर सफाई सव डिभिजन कार्यालय र जिल्ला विकास समितिलाई अभिभावक संस्था मानि आवश्यक कार्य गर्ने ।

(झ) कर्मचारीको क्षमता र दक्षता अभिवृद्धिको लागि तालिम, प्रशिक्षण समेतको आवश्यक व्यवस्था गर्ने र सहभागी गराउने ।

(ञ) समितिको आर्थिक वृद्धिको लागि आवश्यक नीति र कार्य योजना बनाई लागु गर्ने ।

(ट) सुख्खा ग्रष्त क्षेत्र भएकाले खानेपानीको अभावमा विकराल रुपमा रहेको वसाई सराईलाई न्युनिकरण गर्ने ।

**६. कार्य क्षेत्र : -**

**समितिको कार्य क्षेत्र निम्नानुसार हुनेछ ।** (क) वर्तमान कार्यक्षेत्र **म्याङलुङ्ग नपा वडा नं....** को पुछार सल्लेरी टोलको सम्पूर्ण उपभोक्ताहरुलाई समेट्ने छ ।

**कार्यालय रहने स्थान :**

यस समितिको कार्यालय **म्याङलुङ्ग नपा वडा नं.....** मा रहनेछ ।

## परिच्छेद-४

### सदस्यता :

**७. सदस्यको प्रकार :** यस विधानमा निम्न प्रकारका सदस्यको व्यवस्था गरिएको छ ।

(क) साधारण सदस्य : धारा श्रेष्तामा स्वामित्व जाहेर गर्ने उपभोक्ता र व्यक्ति, संघ, संस्था, कार्यालय वा प्रतिष्ठान) यस संस्थाको साधारण सदस्य हुनेछ ।

(ख) अस्थाई उपभोक्ता सदस्य : कार्य क्षेत्र भित्र निश्चित समयावधिको लागि धारा लिने व्यक्ति वा संघ संस्था।

**८. सदस्यता प्राप्ति एवं शुल्क :**

(क) सदस्यता प्राप्तिको कार्यविधि कार्य समितिले तोकेको र नियमावलीमा व्यवस्था गरे मुताविक हुनेछ ।

(ख) एक व्यक्तिको नाममा एक भन्दा वढी धारा वा एक भन्दा वढी व्यक्तिको नाममा एक धारो भएमा एक मात्र सदस्यको मान्यता हुनेछ ।

(ग) सदस्यता प्रवेश शुल्क, आवेदन दस्तुर शुल्क, धारा जडान शुल्क, अस्थाई धारा महसुल र धरौटी समितिले पारित गरेको नियमानुसार हुनेछ ।

(घ) धारा जडान हुना साथ सदस्यता प्राप्त भएको मानिनेछ । सदस्यता नविकरण गरि रहुन पर्नेछ ।

**९. सदस्यको लागि योग्यता :** निम्न अवस्था रहे वा भए यस समितिको सदस्यता नरहने वा हुन नसक्ने अवस्था मानिनेछ ।

(क) सदस्यको मृत्यु भएमा वा अस्थाई उपभोक्ता भएमा

(ख) धारा नामसारी भएमा वा धारा समितिले काटेमा

(ग) समितिको सदस्यबाट निस्कासनको सजाय पाई सकेको भएमा

(घ) मगज विग्रिएको वा वौलाहा भएको मा

(ङ) नियमित मासिक महसुल ३ महिना भन्दा वढीको वक्यौता भएको ।

(च) १८ वर्ष पुरा नभएमा ।

## परिच्छेद-५

(क) यस समितिको पूर्ण जिम्मेवार सर्वोच्च निकायको रुपमा उपभोक्ता परिषद साधारण सभा हुनेछ । कार्य समिति पूर्ण रुपले परिषद प्रति र परिषद पूर्ण रुपले संस्था र उपभोक्ताहरुको हित प्रति उत्तरदायि हुनेछ ।

(ख) परिषद प्रतिनिधि परिच्छेद ४,७ को क बमोजिम हुनेछ ।

*११. उपभोक्ता परिषद (साधारण सभा) :*

(क) उपभोक्ता परिषदको वैठक (साधारण सभा) वर्ष मा १ पटक अनिवार्य वोलाइनेछ । परिषद वैठक अध्यक्षले वोलाउने छन् र संचालन गर्ने दायित्व कार्य समितिको हुनेछ ।

(ख) सामान्यतया नियमित परिषदको वैठक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वोलाइनेछ र कार्य समितिले आवश्यक ठानेमा वा ३३% परिषद सदस्यले लिखित प्रस्ताव सहित भाग गरेमा विशेष परिषद वैठक वोलाइनेछ र परिषदको विशेष वैठक वन्द सत्रको प्रकृया अनुसार हुनेछ ।

(ग) परिषद सदस्यहरुलाई परिषद वैठक वस्ने सम्वन्धमा ७ दिन अगावै विषय मिति, स्थान, समय प्रष्ट खुलाई सूचना गर्नु पर्नेछ ।

(घ) वार्षिक परिषद वा विशेष परिषद वैठकमा पेस भएका प्रस्तावहरु उपस्थित संस्थाको सामान्य बहुमतले र विधान संसोधन प्रस्ताव र अविस्वासको प्रस्ताव २/३ बहुमतले पारित हुनेछन् र विशेष परिषद वैठकमा तोकिएको प्रस्तावमा मात्र छलफल र निर्णय हुनेछ ।

(ङ) उपभोक्ता परिषद वैठकमा निर्णय हुने सवै विषयहरु प्रस्तावको रुपमा पेस गर्नु पर्नेछ । पक्ष विपक्षमा मत संकलन गर्दा सामान्यतया हाथ उठाई वा ध्वनी मत वाट गरिनेछ । मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन् आवश्यक परेमा गोप्य मतदान गराउन सकिनेछ ।

(च) उपभोक्ता परिषद वैठकमा २५% सदस्यको उपस्थितिलाई गण पुरक संस्था मानिनेछ । आवश्यक गण पुरक संख्या पुग्न नसकी पनु वोलाइएको परिषद वैठकमा १५% सदस्यको उपस्थिति मान्य हुनेछ । दोश्रो पटक पनि गण पुरक संख्या नपुग भई पनु वोलाइउको सभामा जति उपस्थिति भएपनि मान्य हुनेछ ।

### १२. उपभोक्ता परिषद् (साधारण सभा) को काम कर्तव्य र अधिकार :

(क) सचिवको प्रतिवेदन मुल्याङ्कन र समिक्षा गरी पारित गर्ने ।

(ख) कोषाध्यक्ष द्धारा प्रस्तुत आर्थिक प्रतिवेदन र वार्षिक वजेट आवश्यक छलफल गरी पारित गर्ने ।

(ग) कार्य समिति गठन गर्ने निर्वाचन मा भाग लिने ।

(घ) संस्थाको उद्धेश्य प्राप्तिको लागि आवश्यक सल्लाह र सुझाव र निर्देशन गर्ने र कार्य समितिलाई आवश्यक अधिकार प्रत्यायोजन गर्ने ।

(ङ) परिषदमा प्रस्तुत पानी महशुल, विलम्व शुल्क वा अन्य सेवा दस्तुर निर्धारण संसोधन वा परिमार्जन प्रस्तावमा आवश्यक निर्णय वा अनुमोदन गर्नु ।

(च) आगामी लेखा परिक्षक नियुक्तिको लागि कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने र अनय आवश्यक कार्य गर्ने ।

### १३. कार्य समिति :

विधान बमोजिम उपभोक्ता परिषदको सम्पूर्ण कार्यकारी अधिकार प्रयोग गर्ने एक कार्य समिति रहनेछ।

(क) उपभोक्ता परिषदबाट प्रजातान्त्रिक तवरले गोप्य मतदानको प्रकृयाद्धारा ३३ प्रतिशत महिला सहित १५ जनाको पदाधिकारी एवं सदस्य भएको १ कार्य समितिको गठन हुनेछ ।

| सि.न | पद | नामथर | ठेगाना | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

(ख) कार्य समिति संस्थाको प्रमुख निकाय भएको हुँदा परिषद वैठक (साधारण सभा) ले गर्नुपर्ने देखि बाहेक संस्थाको सवै काम, कार्यवाही र गतिविधि यसको मातहत हुनेछ । यसले समितिको उद्धेश्य र कार्यक्रमको परिपूर्तिको लागि सापेक्ष र कृयाशिल नेतृत्व दिनेछ ।

(ग) कार्यावधि पुरा भएको ३ महिना भित्र आगामी कार्य समितिको निर्वाचन गरि सक्नु पर्नेछ । कुनै कारणवस निर्वाचन हुन नसकेमा कार्य समितिको ६ महिना सम्म कार्यावधि थप गर्न सकिनेछ । उक्त अवधिमा पनि निर्वाचन हुन नसके साधरण सभा बोलाई कार्य समिति निर्माण बारे आवश्यक निर्णय लिईनेछ ।

*१४. कार्य समितिको वैठक :*

(क) कार्य समितिको वैठक २ महिना भन्दा वढीको फरक नपारी वर्षमा ६ पटक अर्निवार्य हुनेछ ।
(ख) वैठकको गणपुरक संख्या सामान्य वहुमतबाट हुनेछ । मत वरावर भएको खण्डमा अध्यक्षले निर्णायक मत दिनेछ ।
(ग) कार्य समितिको वैठक अध्यक्षको निर्देशनमा सचिवले वोलाउने छन ।
(घ) कार्य समितिको वहुमत सदस्यले कार्य समितिको वैठक तत्काल बोलाउन आवश्यक सम्झि अध्यक्ष समक्ष आवेदन गरेमा अध्यक्षले यथासिघ्र वैठक वोलाउनु पर्नेछ ।
(ङ) वैठकको छुट्टै निर्णय पुस्तिका हुनेछ । अभिलेखको व्यवस्था सचिवले गर्नु पर्नेछ ।
(च) कार्य समितिको वैठकमा राय सुझावको लागि अभिभावक संस्था खानेपानी तथा सर-सफाई सव डिभिजन कार्यालय प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ ।

*१५. कार्य समितिको काम कर्तव्य र अधिकार :*

(क) कार्य समिति .......खानेपानी तथा सर सफाई उपभोक्ता समितिको व्यवस्थापन, संचालन, क्षमता वृद्धि विस्तार र मर्मत सम्भारको निमित्त पूर्ण रुपले जिम्मेवार हुनेछ ।
(ख) संस्थाको उदेश्य पूर्तिको लागि कार्यक्रम बनाउने आर्थिक श्रोतहरु जुटाई कार्ययोजनाहरु कार्यान्वयन गर्ने गराउने र गुणस्तर युक्त खानेपानीको वितरण गर्ने ।
(ग) परिषद निर्णय निर्देशनको पालना गर्ने गराउने ।
(घ) संस्थाको लागि आवश्यक कर्मचारी नियुक्ती गर्ने र तिनीहरुको पारिश्रमिक तथा सेवाको शर्तहरु तोक्ने ।
(ङ) उपभोक्ता बाट पर्न आएको धारा नामसारी वा हक दावीको निवेदनहरु प्रचलित कानुनको आधारमा यो विधान र थान अन्तर्गत वनेका नियमावली अनुसार हक स्थापित तथा नामसारी गरिदिने ।
(च) खानेपानी उत्पादन, वितरणको समिक्षा गर्दै महशुल संकलन, पानी चुहावट नियन्त्रण तथा गुणस्तर कायम राखी नियमित आपूर्ति गर्ने गराउने ।
(छ) जिन्सि सामानको लगत दुरुस्त राखि कुनै पदाधिकारीको जिम्मामा राखी समितिको काममा र कार्यालय प्रयोजनमा मात्र प्रयोग र उपभोग गरिनेछ ।

## परिच्छेद-६

*काम कर्तव्य र अधिकार*

१६. कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्ष :

१. कार्य समिति र परिषद सभाको अध्यक्षता गर्ने ।
२. समितिको कार्यकारी प्रमुख र प्रवक्ता हुनेछन् ।
३. कार्य समितिका सम्पूर्ण सदस्यलाई एक सुत्रमा वाधी उद्धेश्य अनुसार परिचालन गर्ने र गराउने ।
४. समितिको सम्पूर्ण गतिविधि र कार्यालयको काम कार्यवाहीको निरिक्षण गरी आवश्यक निर्देशन दिने ।
५. समितिको प्रतिनिधित्व गर्ने वा सोको व्यवस्था मिलाउने ।
६. आफ्नो अनुपस्थितिमा आफ्नो निहित अधिकार उपाध्यक्षलाई प्रत्यायोजित गर्न सक्ने ।
७. कार्य समितिमा निर्णायकको भूमिका निर्वाह गर्ने ।

(ख) उपाध्यक्ष :

१. अध्यक्षले आफ्नो अनुपस्थितिमा लिखित रुपमा कार्यवाहक दिएमा का.वा. अध्यक्ष मै काम गर्ने ।
२. ७ सात वैठक भन्दा वढी अध्यक्ष अनुपस्थित रहने भएमा अध्यक्ष उपस्थित नभए सम्म स्वतह का.वा. अध्यक्ष भै कार्य गर्ने ।
३. कार्य समितिको अध्यक्षले गर्ने भनी तोकिएको सम्पूर्ण कार्य गर्ने ।
४. अध्यक्ष र कार्य समितिलाई पूर्ण सहयोग गर्नु उपाध्यक्षको प्रमुख काम हुनेछ ।

(ग) सचिव :

१. अध्यक्षको निर्देशन अनुसार वैठक वोलाउने र संचालन गर्ने
२. प्रस्तावहरु संकलन गर्ने अध्यक्ष सँग परामर्स गरी छलफलको लागि वैठक वा सभा मा पेस गर्ने ।
३. वैठक पुस्तिका र अन्य काम कार्यवाहिको अभिलेख दुरुस्त पार्ने र संस्थाको काम कार्यवाहीको जानकारी सदस्यहरुलाई गराउने ।
४. समितिको दैनिक कार्य संचालन र निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।
५. समितिको परिषद वैठकमा वार्षिक कार्य प्रगति विवरण पेस गर्ने ।
६. समितिको चल अचल सम्पतिको सुरक्षा गर्ने, अभिलेख राख्ने र कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।
७. समितिको कार्यालय प्रमुखको भूमिका निर्वाह गर्ने ।
८. आफुमा निहित अधिकारी आफ्नो अनुपस्थितिमा प्रत्यायोजन गर्न सक्ने ।

(घ) कोषाध्यक्ष :
१. समितिको कोषको प्रमुख जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।
२. प्रचलित लेखा प्रणाली अपनाई लेखा व्यवस्थित गर्ने ।
३. समितिको कोषको जगेर्ना गर्दै आवश्यक मितव्ययिता अपनाउने र आम्दानी खर्च पारदर्शी गर्ने ।
४. जिन्सि सामानहरुको जर्गेना र संरक्षण गर्ने ।
५. संस्थाको लेखा परिक्षण गराई प्रतिवेदन सहित बजेट तयार गरी साधारण सभामा पेस गर्ने ।
६. मासिक रुपमा भएका आम्दानी खर्च विवरण वैठकमा पेस गर्ने ।
७. समितिको कोष वृद्धि गर्न हर प्रयत्न गर्ने ।

(ङ) सहसचिव :-
सचिवको अनुपस्थितिमा सचिवका सवै काम गर्ने तथा समितिलाई सहयोग पुऱ्याउने ।

(च) सदस्यहरु :-
१. समितिको नियमित वैठकमा सकृय रुपले भाग लिने ।
२. अध्यक्षको निर्देशन र सल्लाह बमोजिम समितिको स्थायित्वको निमित्त काम गर्ने ।
३. उपभोक्ता र समिति विच मुख्य द्वारको रुपमा काम गर्ने ।
४. समितिको खानेपानी को कुनै पनि निर्माण कार्यमा जन सहभागिता लगायत स्थानिय श्रोत र साधन जुटाउन र निर्माण संचालन एवं संरक्षण कार्यक्रम सहयोग गर्ने ।
५. समितिको क्षेत्र भित्र निजी धारा माग भै आएमा सिफारिस गर्ने ।
६. निर्माण एवं विभिन्न समयमा हुने मर्मत संभार कार्यक्रम निगरानी राख्ने ।
७. वक्यौता महशुल उठाउन समितिलाई आवश्यक सहयोग गर्ने ।
८. पानीको नियमित आपूर्ति भए नभएको वा विग्रे, भत्केको, हानी नोक्सानी वा मर्मत सम्भार भए नभएको बारे कार्यालयमा कार्यालय प्रवन्धकलाई जानकारी गराउने साथै मर्मत गर्न सहयोग गर्ने ।

(छ) कार्यालय प्रवन्धक : समितिको दैनिक कार्यालय संचालनको लागि एक कार्यालय प्रवन्धक सहित आवश्यक कर्मचारीहरु रहनेछन् । कार्यालय प्रवन्धकको काम, कर्तव्य, अधिकार निम्नानुसार हुनेछ ।
१. कार्यालय वा समितिका सम्पूर्ण कर्मचारी कार्यालय प्रवन्धको प्रत्यक्ष निर्देशनमा रही काम गर्ने हुन ।
२. दैनिक कार्यालय संचालन गर्नु र समितिको सम्पतिको रेखदेख गर्नु ।
३. अध्यक्ष र सचिव सँग परामर्स गरि कार्यालय प्रसासन संचालन गर्नु ।
४. कोषाध्यक्ष सँग परामर्स गरि लेखा व्यवस्थित गर्ने र दैनिक आर्थिक कारोवार गर्ने गराउने ।
५. कार्य समितिको निर्देशनको पालना र नियम विनियमको अधिनमा रही अन्य कार्यहरु गर्ने ।
६. समितिको कार्यालय, कागजात, चिट्ठिपत्र श्रेष्ता जिम्मा राख्ने र सुरक्षा गर्ने ,
७. अन्य खानेपानी सम्वन्धी तोकिएको काम र जिम्मेवारी पुरा गर्ने ।

## परिच्छेद-७
निर्वाचन

### १७. निर्वाचन समिति :
कार्य समितिको निर्वाचन कार्य सम्पन्न गर्नको लागि निर्वाचन कार्य सम्पन्न नहुन्जेल सम्म एक निर्वाचन समिति बनाइनेछ ।

(क) कार्य समितिले ३ सदस्यिय निर्वाचन समिति बनाउनेछ । जस मध्येबाट एक निर्वाचन अधिकारी छानिनेछ ।
(ख) निर्वाचन समितिलाई निर्वाचन सम्वन्धि कामको लागि कार्य समितिले पूर्ण सहयोग र आवश्यक खर्चको व्यवस्था गर्नु पर्नेछ ।
(ग) निर्वाचन समितिले निर्वाचन कार्यक्रम प्रकासित गर्नेछ ।
(घ) निर्वाचन समितिका पदाधिकारी कार्य समितिका कुनै पनि पदको लागि उमेद्धार हुन पाउने छैनन र निर्वाचन गोप्य मतदान द्धारा हुनेछ ।
(ङ) निर्वाचन सम्वन्धि अन्य कुराहरु प्रचलित निर्वाचन ऐन नियमावली अनुसार हुनेछ ।
(च) निर्वाचनको क्रममा गर्नुपर्ने कार्य र निर्णयमा पूर्ण अधिकार निर्वाचन समितिमा हुनेछ ।

**१८. उमेद्धारको योग्यता :**
देहायका अवस्था भएका यस संस्थाको कुनै पनि सदस्य कुनै पनि पदका लागि उमेद्धार वन्न सक्नेछन् ।
(क) धारा ७ को (क) अनुसार सदस्यता भएको ।
(ख) २१ वर्ष उमेर पुगी मानसिक संन्तुलन नगुमाएको ।
(ग) यस समितिको कुनै महसुल शुल्क वा वक्यौता तिर्न वा फछ्र्यौट गर्न बाकी नरहेको ।
(घ) फौजदारी अभियोग वा नैतिक पतन हुने अभियोग लागि प्रमाणित भएको ।
(ङ) दुई कार्यकाल अध्यक्ष पद सम्हालेको सदस्य पुन : तेश्रो कार्यकाल का लागि उमेद्धार वन्न पाउने छैनन् ।
(च) संघ, संस्था प्रतिस्ठान वा कार्यालय बाट प्रतिनिधी भई आएको व्यक्ति उमेद्धार वन्न पाउने छैनन् ।

## परिच्छेद-८

**आर्थिक व्यवस्था :**
१९. यस समितिको देहायको आर्थिक श्रोत रहने छन् ।
(क) पानी महसुल, सेवा शुल्क जरिवाना समेत अन्य शुल्क र संस्थाको कुनै कोषबाट हुने आम्दानी समेत
(ख) मर्मत वा सेवा विस्तार वापत लिने शुल्क वा दस्तुर साथै मिटर पाइप समेत अन्य फिटिङ्ग सामान उपलव्ध गराए वापत को रकम
(ग) नेपाल सरकार, राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्था र व्यक्ति वा समुदाय वाट प्राप्त सहयोग र विभिन्न कार्यक्रम एवं योजना संचालनबाट प्राप्त हुने रकम
(घ) प्रवेश शुल्क, सदस्यता शुल्क आदि
**२०. चल अचल सम्पत्ती :** निम्नानुसार समितिको चल अचल सम्पत्ती हुनेछ ।
(क) धारा १९ बमोजिम प्राप्त जिन्सी वा नगदी समितिको कोष वा सम्पती हुनेछ ।
(ख) समितिले भोग चलन, निर्माण वा खरिद गरेको पानी मूल, खानेपानी पोखरी आदि,
(ग) प्राप्त हुन आएको ऋण, दान, अनुदान, जिन्सी नगदी योजना र तिन बाट प्राप्त हुने लाभहरु समेत ।
**२१. जगेडा कोष :** समितिले एक छुट्टै खाता खोली जगेडा कोष खडा गरिनेछ र निम्नानुसार संचालन हुनेछ।
(क) वार्षिक रुपमा समितिको सम्पत्तिमा ह्रास कट्टी गरिनेछ । उक्त ह्रास कट्टी वरावरको रकम प्रत्येक वर्ष जगेडा कोषमा जम्मा गरिनेछ ।
(ख) कार्य समितिले उक्त कोषमा प्रत्येक वर्ष निश्चित रकम व्याज वा अन्य आय थप गर्नु पर्नेछ । परिच्छेद ४को ७ क बमोजिमको सदस्यबाट प्राप्त हुने महशुल बाट प्राप्त रु ५ मासिक यस खातामा जम्मा गर्नु पर्नेछ ।
(ग) जगेडा कोष कुनै प्राकृतिक प्रकोप वा दुर्घटनाद्धारा आयोजनामा गम्भिर क्षति पुग्न गएमा निर्माणकार्य जगेडा कोषबाट तत्काल खर्च गरी गरिनेछ र कार्य सम्पन्न हुनसाथ त्यसको हर हिसाव र खर्च परिषदमा पेस गरी अनुमोदन गर्नु पर्नेछ ।
(घ) कार्य समितिले जगेडा कोष खर्च एवं संचालन वारे अन्य आवश्यक निर्णयहरु परिषदबाट गराई कार्यान्वयन गराउन सक्नेछ ।

**२२. कोष संचालन :**
(क) पायक पर्ने वैंकमा आवश्यक संख्यामा खाता खोली संस्थाको आम्दानी जम्मा गरिनेछ ।
(ख) कार्य समितिको निर्णयबाट सामान्यता अध्यक्ष , सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा बैक खाता संचालन गरिनेछ । प्रचलित नियमानुसार खर्च गर्ने र खर्चको श्रेस्ता राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(ग) स्विकृत वजेटको अधिनमा रही खर्च स्विकृत गर्ने र भुक्तानी आदेश दिने अधिकार अध्यक्षलाई हुनेछ ।
(घ) संस्थाको कुनै पनि आम्दानी वैक जम्मा नगरी खर्च गर्न पाइने छैन ।

### २३. लेखा-परिक्षण :

(क) समितिको खर्चको लेखा परीक्षण प्रत्येक आर्थिक वर्ष भित्रमा उपभोक्ता समितिको भेलाले नियुक्ती गरेको उपभोत्ता समिति बाहिरको लेखापरिक्षक बाट गराईन्छ ।
(ख) लेखा परिक्षकले कोषाध्यक्ष र कार्यालय प्रवन्धक सँग समन्वय गरी आम्दानी खर्चको ले.प. गर्नेछ।
(ग) ले.प. प्रतिवेदन वार्षिक साधारण सभामा अनिवार्य पेश गर्नु पर्नेछ ।
(घ) आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र ले.प. गराई सक्नु पर्नेछ ।
(ङ) ले.प. पारिश्रमिक कार्य समितिले तोक्नेछ ।

## परिच्छेद -९

### २४. अविस्वास प्रस्ताव र विधान संसोधन

(क) यस संस्थाको कार्य समिति पुरै वा कुनै पदाधिकारी वा सदस्यले संस्थाको हित र उद्धेश्य विपरित हानी नोक्सानी पुऱ्याउने कार्य गरेको भनी कुल परिषद सदस्य संख्या को ३३ सदस्य ले संस्थामा लिखित विस्वास प्रस्ताव पेस गर्न सक्नेछन् । त्यस्तो प्रस्ताव कार्य समितिले विशेष पषिद वोलाई पेष गर्नु पर्ने छ । उपस्थित सदस्य संख्या को २/३ वहुमत वाट अविश्वास प्रस्ताव  पारित भएमा निजको पदावधि समाप्त हुनेछ ।
(ख) अविस्वासको अभियोग लागेको वा विधान वमोजिम गरिने कुनै पनि कार्यवाहिमा अभियुक्तलाई आफ्नो सफाई पेस गर्ने मौका अनिवार्य दिनु पर्ने छ ।
(ग) अविस्वास प्रस्ताव पारित गर्दा अभियुक्त संस्थाको लागि भविष्यमा योग्य रहने वा नरहने परिषदले निर्णय गर्नेछ । अविश्वास जसलाई लागेको छ यसले सभाको सभापतित्व गर्न पाउने छैनन् ।

### २५. विधान संसोधन :

(क) विधानको कुनै परिच्छेद धारा वा उपधारा केही वा पुरै संसोधन गर्नु पर्ने महसुस गरी कार्य समितिले आगामी साधारण सभामा पेस गर्ने गरी विधान संसोधन मस्यौदा समिति वनाउन सक्नेछ।
(ख) उक्त मस्यौदा समितिले तयार गरेको मस्यौदा विधान कार्य समितिमा छलफल गरी २/३ वहुमत वाट पारित भएपछि परिषद सभामा निर्णय पेस गर्नु पर्ने छ ।
(ग) मस्यौदा विधान आवस्यक छलफल पछि परिषदको २/३ वहुमत वाट पारित भै स्थानिय अधिकारीको स्विकृति पछि संसोधन वा परिमार्जन भएको मानिने छ र लागु गरिनेछ ।

### २६. नियम वनाउने :-

(क) कार्य समितिले आफ्नो काम कार्यवाहीको लागि यो विधान अन्तर्गत रही आवस्यक कार्य व्यवस्था गर्न नियम विनियम बनाउन सक्नेछ ।
(ख) उल्लेख भएका कुराहरुको हकमा प्रचलित ऐन कानुन र नियम वमोजिम हुनेछ ।

### २७. सल्लाहाकार समितिः-

(क) कार्य समितिले सामान्य तया समितिका पूर्व अध्यक्षको संयोजकत्वमा पूर्व पदाधिकारी समेत मध्येवाट केही व्यक्ति समावेस गरी वढीमा ७ सदस्यिय सल्लाहाकार समिति गठन वा नियुक्ति गर्नेछ । आवश्यकता अनुसार त्यसको छुट्टै वैठक वोलाई वा कार्य समितिको वैठकमा आमन्त्रण गरी परामर्स लिन सकिनेछ । जिल्ला स्थित खानेपानी कार्यालयको प्रतिनिधि १ अनिवार्य रहनेछ ।

### २८. नियुक्ति  एवं कार्यवाही

(क) कुनै कारण ले कार्य समितिमा पदाधिकारी पद खाली भै पूर्ति गर्नु पर्ने भएमा अध्यक्ष पदको लागि उपाध्यक्ष स्वतह अध्यक्ष हुने र अन्य पदाधिकारीको लागि कार्य समिति सदस्य मध्ये वाट र सदस्य पद खाली भै पूर्ति गर्नु पर्ने भएमा परिषद सदस्य मध्ये वाट कार्य समितिको निर्णय ले पदपूर्ति गर्न सक्नेछ । रिक्त पद हकमा नियुक्ति गर्दा वानी अवधिको लागि मात्र पद पूर्ति गरिनेछ ।

(ख) समितिको कार्यक्रम, कार्यान्वयन एवं समस्या समाधानको लागि आवस्यकता अनुसार सम्वन्धित विशेष्ज्ञको राय सल्लाह लिने र विशेषज्ञ नियुक्ति गरी जिम्मेवारी तोक्न सक्नेछ ।

(ग) कुनै पदाधिकारी कार्य समिति सदस्य एवं साधारण सदस्य वा उपभोक्ता द्वारा संस्थाको उद्धेश्य वा विधान विपरित काम कार्यवाही गरेको प्रमाणित भएमा कसुर हेरी कार्य समितिले वा कार्य समितिको सिफारीसमा साधारण सभाले निर्णय गरे वमोजिम कार्यवाही हुनेछ ।

(घ) जिम्मेवारी लिएको वा पदभार ग्रहण गरेको व्यक्ती सम्वन्धित वैठकमा आवस्यक सूचना पाएर पनि लगातार ३ पटक सम्म अनुपस्थित भएमा वा पदभार वा पदवाट मुक्त हुनेछ ।

(ङ) समितिका कर्मचारीहरु समेत विदा स्विकृत गरी विदा वसेमा हाजिर हुने दिन देखि विना सूचना १ महिना सम्म कार्यालयमा अुपस्थित रहेमा त्यस्ता कर्मचारीहरुलाई कार्य समितिको निर्णयले अवकास गर्न सकिनेछ ८ राम्रा काम गर्ने संस्थाको हितमा काम गर्ने कर्मचारीलाई समितिले परस्कारको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद १०

## विविध

### २९. विस्तारीत वैठक :-

कार्य समिति र सल्लाहाकार समितिको संयुक्त वैठकलाई विस्तारीत वैठक भनिनेछ ।

(क) कार्य समितिले विषयको गाम्भिर्यता महसूस गरी नीति निर्देशित राय सुझाव र सहयोगको लागि विस्तारित वैठक वोलाउन सक्ने छ ।

(ख) प्राकृतिक प्रकोप वा अन्य दुर्घटना द्वारा खानेपानी योजना लाई गम्भिर क्षति पुग्न गएमा विस्तारित वैठक वसी आवस्यक निर्णय र निकास दिने छ ।

### ३०. संस्थाको विघटन :-

विधान वमोजिम काम गर्न र संचालन गर्न नसकि वा अन्य कुनै कारण वस संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा श्रीसम्पति र दायित्व खानेपानी नियमावली अनुसार तोकिएको निकाय मा सर्नेछ ।

### ३१. वाधा अड्काउ फुकाउने :-

यो विधानको व्याख्या गर्ने अधिकार कार्य समितिमा रहने छ र यो विधान कार्यान्वित गर्न कुनै वाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्य समितिमा रहनेछ ।

### ३२. विविध :-

(क) निर्देशिन पालना गरिने :- स्थानिय अधिकारी वा अधिकार प्राप्त निकायहरु वाट यस समितिलाई प्राप्त हुने निर्देशन पालना गरिनेछ ।

(ख) पदावधि सम्वन्धमा :- यस संस्थामा सवै निर्वाचित निकाय र पदाधिकारीहरुको कार्यअवधि ३ वर्षको हुनेछ । पदावधिको गणना आर्थिक वर्षको आधारमा गरीने छ । अर्को कार्य समिति गठन नभए सम्म वहाल रहेको कार्य समितिले नै कार्य सम्पदन गर्ने छ ।

(ग) सपथ ग्रहण सम्वन्धमा :- निर्वाचन समिति र परिषद समक्ष निर्वाचित पदाधिकारी एवं सदस्यहरुलाई निर्वाचन अधिकारीले सपथ ग्रहण गराउने छन् । सपथ ग्रहणको व्यहोरा अनुसूची २ अनुसार हुने छ ।

(घ) राजिनामा सम्वन्धमा :- यस समितिका अध्यक्षले उपाध्यक्षलाई सम्वोधन गरी राजिनामा दिन सक्नेछन् र राजिनामा कार्य समितिले स्विकृत गर्न सक्नेछ । साथै अन्य पदाधिकारी वा सदस्यको राजिनामा अध्यक्षले स्विकृत गर्न सक्नेछ ।

(ङ) खारेजी र वचाउ :- यो विधान स्विकृत भई प्रारम्भ भएपछि यस अघिको विधान २०५० स्वतह खारेज हुनेछ । पहिलेको विधान अनुसार भए गरेका कार्य निर्माण सम्झौता र दायित्वले यसै विधान वमोजिम निस्तरता पाउने छन् साथै निर्माण र गठन भएका सवै वैधानिक संरचनाहरु यसै विधानले तोके वमोजिम हुनेछ ।

## अनुसुचि -१

### संस्थाको चिन्ह र छाप :

गोलोघेरा भित्र **"..........खानेपानी उपभोक्ता समिति म्याङलुङ्ग नपा वडा नं....., तेह्रथुम "** , **बिचमा स्था :** २०७२....घाराको चित्र लोगो हुनेछ ।

छापको नमुना

## अनुसुची -२

सपथको व्यहोरा

म ....................................... यस समितिको .............. पदमा निर्वाचित भएको हुदाँ यो परिषद आम उपभोक्ता र इश्वरलाई साक्षी राखी यस संस्थाको विधानको निष्ठापुर्वक पालना गर्दै आफ्नो ज्ञान क्षमता र विवेकको प्रयोग गरी समितिको हित र उद्धेश्य परि पुर्तिको लागी कुनै भय पक्षपात वा भेदभाव नराखी लगन शिल र कर्तव्य निष्ठ भै निरन्तर कृपाशिल रहने प्रतिज्ञा गर्दछु ।

| | |
|---|---|
| सपथ गराउनेको हस्ताक्षर | सपथ गर्ने को हस्ताक्षर |
| मितिः- | मितिः - |

**समितिको कार्य अवधि :**

यस समितिको कार्यअवधि ३ वर्षको रहनेछ ।

## अनुसूची- ४
## संस्था दर्ता/सूचीकृत भएको नमूना

मिति :.......................

श्री ...... जलस्रोत उपभोक्ता संस्था

......म्याङ्लुङ वडा नं......, तेह्रथुम

**विषय : जलस्रोत उपभोक्ता संस्था दर्ता/सूचीकृत गरिएको सम्बन्धमा ।**

उपर्युक्तसम्बन्धमा म्याङ्लुङ नगरपालिका, नगर कार्यपालिकाको मिति ...............................को निर्णयानुसार .... जलस्रोत उपभोक्ता संस्थालाई म्याङ्लुङ नगरपालिकामा दर्ता/सूचीकृत गरिएको व्यहोरा जानकारी गराईन्छ।म्याङ्लुङ नगरपालिको युवा टोल विकास संस्था सञ्चालन कार्यविधि २०७६ को अधिनमा रही कार्य सञ्चालन तथा व्यवस्थान गर्न समेत अनुरोध छ ।

**बोधार्थ**

श्री ... नम्बर वडा कार्यालय म्याङ्लुङ, तेह्रथुम

..............................

नामथर :

प्रमुख प्रशासकिय अधिकृत